# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ९८ | बुटवल | २०८२ चैत २४ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday April 07, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## ओली र लेखकलाई म्याद थप नगर्न परमादेश



बुटवल । पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई हिरासतमा राख्नका लागि अब म्याद थप नगर्न सर्वोच्च अदालतले परमादेश दिएको छ ।

सोमबार सर्वोच्च अदालतका न्यायाधीशद्वय विनोद शर्मा र सुनील पोखरेलको इजलासले उनीहरूको बन्दी प्रत्यक्षीकरण रिट खारेज गरे पनि म्याद थप नगर्न सरकारका नाममा परमादेश जारी गरेको हो ।

जिल्ला अदालत, काठमाडौँले तेस्रो पटक आइतबार पाँच दिनको म्याद दिएको थियो । शनिबारदेखि लागू हुने गरी थपिएको म्याद बुधबार सकिँदै छ ।

त्यसभित्र मुद्दा चल्ने नचल्ने निर्णय भएमा सोहीअनुसार र हुन नसकेमा त्यसपश्चात् जे जो गर्नु पर्ने हो गराउनु भनि सरकारका नाममा सर्वोच्चले परमादेश जारी गरेको हो ।

## भैरहवा विमानस्थल चलाउन भारतसँग कुरा गर्न प्रधानमन्त्रीलाई आग्रह



बुटवल । प्रधानमन्त्री बालेन्द्र साहलाई लुम्बिनी प्रदेशका सांसदले भैरहवा विमानस्थल सञ्चालनका लागि हवाई मार्गबारे भारतसँग कुराकानी गर्न आग्रह गरेका छन् ।

सोमबार प्रधानमन्त्री शाहसँग छलफल गर्दै लुम्बिनी प्रदेशबाट निर्वाचित प्रतिनिधिसभा सदस्यले हवाई मार्ग सञ्चालन बारे प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका हुन् । त्यसक्रममा सांसदहरूले प्रदेशका विकास निर्माणका विषय उठाएका छन् ।

छलफलमा सहभागी नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सांसद एवं पूर्वअर्थमन्त्री वर्षमान पुन 'अनन्त'ले भैरहवा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल तत्काल सञ्चालनमा ल्याउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । अन्तर्राष्ट्रिय उडान सञ्चालनका लागि हवाई मार्गका विषयमा भारतसँग कूटनीतिक संवाद अघि बढाउन ढिलाइ गर्न नहुने उनको भनाइ थियो । उनले रोल्पा तथा लुम्बिनी प्रदेशका चालु विकास आयोजना र केही नयाँ परियोजनालाई प्राथमिकतामा राखेर काम अघि बढाउन प्रधानमन्त्रीसँग आग्रह गरे ।

पुनले छलफलमा भने-'भैरहवा विमानस्थलमा श्रम डेस्क राखेर अन्तर्राष्ट्रिय उडान नियमित गरेर पर्यटन क्षेत्रमा सम्भावनाको ढोका खोल्न अब ढिला गर्नु हुँदैन । अन्तर्राष्ट्रिय हवाई मार्गका लागि भारतसँग कूटनीतिक पहल गर्न सम्माननीय प्रधानमन्त्रीको ध्यानाकर्षण गराउन चाहन्छु ।'

त्यस्तै, दाङको कोइलाबास- रोल्पा - रुकुम हुँदै डोल्पा जोड्ने सहिदमार्ग निर्माणको कामलाई गति दिन माग पुनले माग गरेका छन् । उत्तरी छिमेकी चीनको सीमासम्म छुने उक्त सडकको रणनीतिक महत्व रहेको उनको भनाइ थियो ।

» बाँकी ३ पेजमा

## न्यूनतम पारिश्रमिक नदिए रोजगारदातामाथि कारबाही

बुटवल । सरकारले अस्पतालका नर्सिङ स्टाफ, निजी विद्यालयका शिक्षक र विभिन्न प्रतिष्ठानमा कार्यरत श्रमिकहरूलाई तोकिएको न्यूनतम पारिश्रमिक नदिने रोजगारदातामाथि कडा कानुनी कारबाही गर्ने चेतावनी दिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै 'तालिमी' का नाममा भइरहेको श्रम शोषणप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो ।

मन्त्रालयले जारी गरेको विज्ञप्तिमा श्रम ऐनको अनिवार्य पालना गर्न निर्देशन दिँदै भनिएको छ-'तालिमीका रुपमा काममा लगाइएका व्यक्तिलाई रोजगारदाताले कम्तिमा न्यूनतम पारिश्रमिक, बिरामी बिदा तथा उपदान, सञ्चयकोष, बिमालगायतका सामाजिक सुरक्षा कमी नहुने गरी सुविधा दिनुपर्ने स्पष्ट कानुनी व्यवस्था रहेको छ ।'

श्रम ऐन, २०७४ को दफा ११ अनुसार तालिमीका रूपमा काम गर्ने व्यक्तिले पनि न्यूनतम पारिश्रमिक, बिरामी बिदा, उपदान, सञ्चय कोष र बिमा जस्ता सामाजिक सुरक्षाका सुविधाहरू अनिवार्य पाउनुपर्छ ।

ऐनको दफा १६३ र १६४ ले श्रमिकको पारिश्रमिक र सुविधा रोक्ने रोजगारदातालाई बिगो भराई जरिवाना गर्ने र पटक-पटक कानुन उल्लंघन गरेमा वा विभागको निर्देशन नमानेमा श्रम ऐन २०७४ को दफा १६७ बमोजिम कैद सजाय समेत हुन सक्ने व्यवस्था गरेको छ ।

पछिल्लो समय विशेषगरी नर्सिङ स्टाफ र निजी विद्यालयका शिक्षकहरूबाट न्यूनतम पारिश्रमिक नपाएको भन्दै मन्त्रालयमा उजुरी र गुनासाहरू बढेका छन् । सरकारले सबै रोजगारदातालाई प्रचलित कानुनको पूर्ण पालना गर्न र श्रमिकका हकहित सुरक्षित गर्न अन्तिम मौका दिएको छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ-'न्यूनतम पारिश्रमिकलगायतका सुविधाहरुबाट वञ्चित गराएको पाइएमा प्रचलित कानुन आकर्षित हुने व्यहोरा जानकारी गराउँदै उक्त कानुनको स्वतःस्फूर्त परिपालना गर्न सम्बन्धित सबै प्रतिष्ठान, संस्था तथा सरोकारवालाहरुलाई हार्दिक अपिल गरिन्छ ।' सरकारले अब 'तालिमी' को आवरणमा हुने शोषण रोक्न अनुगमनलाई समेत तीव्र बनाउने संकेत दिएको छ ।

# मध्यपहाडको लाइफलाइन

### पुष्पलाल मध्यपहाडी राजमार्गको निर्माणले मध्यपहाडमा धेरै सम्भावनाको ढोका खोलेको छ ।

**शेरबहादुर केसी**
*बुटवल*



कुनै बेला पूर्व-पश्चिम आवतजावत गर्न महेन्द्र राजमार्ग मात्रै थियो । पश्चिम डोटीबाट काठमाडौं पुग्न होस् वा पूर्व ताप्लेजुङबाट सुदुरपश्चिम पुग्न महेन्द्र राजमार्ग भएरै मात्र सम्भव थियो । अब पूर्व-पश्चिम आवतजावत गर्न महेन्द्र राजमार्गकै भर पर्नु पर्दैन् । पुष्पलाल मध्यपहाडी लोकमार्गको निर्माणले मध्यपहाडको यातायात सञ्जाललाई बलियो बनाएको छ ।

नेपालको पूर्व पाँचथरको चिवाभञ्ज्याङदेखि मध्यपहाडका २६ जिल्लालाई जोड्दै सुदूरपश्चिम बैतडीको झुलाघाट पुगेर यो मार्ग टुंगिन्छ । यो राजमार्गको कुल लम्बाई १ हजार ८ सय ७९ किमि छ । सरकारले आर्थिक वर्ष २०६४/६५ मा यो आयोजना निर्माण सुरु गरेको हो ।

कुनै बेला रूकुम पूर्वका ग्रामीण बस्ती यातायात सञ्जालको अभावमा विकट थिए । बाग्लुङ सदरमुकामबाट पश्चिम बुर्तिवाङ पुग्न उत्तिकै कठिनाइ थियो । पुष्पलाल राजमार्गको निर्माणले विकट मानिने बाग्लुङको पश्चिम क्षेत्रका तराखोला, बुर्तिवाङ, गल्कोट जति सुगम भएका छन्, रूकुम पूर्वको सदरमुकाम रूकुमकोट, खावाङ, लुकुम लगायत बस्तीलाई पनि उत्तिकै सहज भएको छ । यहाँको समाजमा सामाजिक-आर्थिक परिवर्तन रेखा धेरै देख्न सकिन्छ । मध्य पहाडी राजमार्गले पहाडमा छरिएर रहेको बस्तीलाई जोडेको छ । भौगोलिक विकटताले बाग्लुङ र रूकुमको ग्रामीण बस्ती पहिले आपसमा सम्बन्ध हुँदैन्थ्यो । यातायातको सुविधाले आवतजावत बढ्दा अहिले विहेवारी, लेनदेन जस्ता विषय सामान्य बनेका छन् । कृषिको व्यवसायिक विकास र बजारीकरण गर्न सघाउ पुगेको छ । औधषीमुलो गर्न अस्पताल पुग्न बिरामीलाई सहज भएको छ । रूकुमका सुन्दर बस्तीमा पर्यटन प्रवर्द्धन गर्न ढोका खुलेको छ ।

रूकुम पूर्व र बाग्लुङको सीमा पातीहाल्ने कुनै बेला विकट थियो । अहिले पातीहाल्ने पर्यटकीय स्थलको रूपमा विकास हुँदैछ । अहिले यहाँ हिउँ खेल्न पोखरा, बुटवलका युवायुवती पुग्छन् । यहा पुग्न बुर्तिवाङबाट २२ किमी र रूकुमपूर्वको सदरमुकाम रूकुमकोटबाट २० किमि यात्रा गरेपछि पुग्न सकिन्छ ।

रूकुमपूर्व प्राकृतिक वैभवपूर्ण ठाउँ हो । लुम्बिनीको एक मात्र हिमाली जिल्ला रूकुम पूर्वका पर्यटकीय स्थल ढोरपाटन सिकार आरक्ष, पुथा र सिस्ने हिमाल, अग्ला पहाड र सुन्दर बुकी पाटन अनि सिस्नेको गुप्ता दह, कमल ताल, महत र चुन्बाङको युद्ध स्मृति संग्रहालयका साथै यहाँको खाम मगर संस्कृति प्रचार प्रसार गर्न सके धेरै लाभ लिन सकिने नेपाल पत्रकार महासंघ रूकुमपूर्वका पूर्व अध्यक्ष मैत्तेय घर्ती बताउँछन् । तकसेरा यो राजमार्गको काँक्रीबाट २२ किमि उत्तर पर्छ । अहिले तकसेरा घुम्न जानेहरू बढेका छन् । 'अब प्रकृति र संस्कृतिमा रमाउन चाहनेलाई आर्कषित गरेर यहाँको नागरिकको जीवन बदल्नुपर्छ ।'-उनले भने ।

काठमाडौंबाट पोखरा हुँदै रूकुम पूर्व-पश्चिम भएर डोल्पाको से-फोक्सुन्डो तालसम्म जान यो मार्गको बाटो सबैभन्दा छोटो पर्छ । तर, यसको प्रचार-प्रसार गरी पर्यटन प्रवर्द्धनको योजना बन्न सकेको छैन ।

तत्कालीन रूकुम जिल्ला विकास समितिका सभापति खेममान खड्काका भनाइमा पोखरा र मुस्ताङ जाने पर्यटकलाई यहाँको प्रकृति र संस्कृतिमा भुलाउन र रमाउन सकिन्छ । राम्रो यातायात पूर्वाधारको जग तयार भएको छ । तहगत सरकारले समन्वय र सहकार्य गर्दै पर्यटन प्रवर्द्धनका योजना र कार्यक्रम कार्यान्वयन गर्न आवश्यक छ ।

मध्यपहाडी पुष्पलाल लोकमार्गको निर्माणले रूकुम पूर्वका कृषि उत्पादनले बजार पाएका छन् । यहाँको भाङ, सिमी, भट्ट, टिमुर, कोदो र फापरको पिठो काठमाडौं र पोखराको बजारमा माग छ । बजारको माग अनुसार पुऱ्याउन सहज भएको छ । भुमे गाउँपालिकाको खवाङमा रहेको मारिङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रामसुर बुढाका अनुसार व्यवसायिक उत्पादनका लागि किसानले प्रविधि भित्र्याउन पाएका छन्, कृषि उत्पादनको बजारको सहज पहुँच पुगेको छ । कृषि उत्पादनले बजार पाउँदा व्यवसायिक खेतीतर्फ किसान आकर्षित भएका छन् । यो सहकारीले गत वर्ष ६ करोड रुपैयाँको कारोबार गरेको थियो ।

बागलुङ र रूकुम पूर्वको सीमास्थल पातीहाल्नेबाट दर्जनौं बस्तीलाई जोड्दै जिल्ला सदरमुकाम रूकुमकोटबाट यो मार्ग पश्चिमतर्फ अघि बढ्छ । त्यसपछि रूकुम पश्चिमको खोपिचारदेखि जिल्ला सदरमुकाम खलंगा भएर चौरजहारी हुँदै जाजरकोटतर्फ लाग्छ । बुर्तिवाङबाट पातीहाल्नेसम्म कालोपत्रे भएको छ । पातीहाल्नेबाट पश्चिम पञ्चासेसम्म १३ किमि कालोपत्रे नहुँदा सधैं यात्रुलाई सास्ती भएको छ । झरी र हिमपात हुँदा यातायात अबरूद्ध हुँदै आएको छ । निर्माण कम्पनी भरत महादेव खिम्ती सिद्धिसाई जेभीले ३७ करोड ४५ लाख रुपैयाँमा ठेक्का लिएको १० वर्ष नाघेको छ । निर्माणको काम अघि नबढाएपछि मध्यपहाडी पुष्पलाल लोकमार्ग आयोजनाले ठेक्का किन नतोड्ने भन्दै सूचना निकालेर ठेक्का तोड्ने प्रक्रियामा अघि बढेको छ । 'ठेक्का लागेको लामोसमयसम्म यो खण्ड कालोपत्रे नहुँदा यातायातका साधन आवागमनमा सास्ती भएको छ, अब नयाँ ठेक्का लगाएर कालोपत्रे गर्ने दबाबमा छौं ।'-पुष्पलाल मध्यपहाडी राजमार्ग योजना कार्यालय दैलेखका इञ्जिनियर नविन खरेलले भने । यो कार्यालयले रूकुमपूर्वको पातीहाल्नेदेखि अछामको बयलपाटासम्म ४ सय २ किमि हेर्ने जिम्मेवारी छ । पातीहाल्ने–बयलपाटा खण्डमध्ये अलपत्र पातीहाल्ने-पञ्चासेको १३ किमि बाहेक अधिकांश ठाउँमा कालोपत्रेको काम सकिएको छ । कतिपय ठाउँमा धमाधम काम हुँदैछ । रूकुमकोट–चौरजहारीको ७७ किमिमध्ये रूकुमकोट पश्चिमतिर २ किमी कालोपत्रे हुन बाँकी छ । चौरजहारी-जाजरकोट ८६ किमिमध्ये ६५ किमी पक्की भइसकेको छ । जाजरकोट खण्डको २० किमी अहिले कालोपत्रेको काम भइरहेको छ । दैलेख खण्डको ४० किमि पनि कालोपत्रे भइसकेको छ । त्यहाँबाट पश्चिम लागेपछि कालोपत्रेको काम पूरा भएको छ ।

भुमे गाउँपालिकाका अध्यक्ष होमप्रसाद श्रेष्ठ पुष्पलाल लोकमार्ग मध्यपहाडको लाइफलाइन भएको बताउँछन् । 'पूर्व-पश्चिमको यात्रा गर्न तराई झर्नैपर्ने बाध्यताको अन्त्य भएको छ । अब तराईमा कुनै समस्याले सडक बन्द हुँदाका सास्तीका दिन सकिए ।'-उनले भने ।

रूकुमलाई पूर्व-पश्चिम राजमार्गसँग जोड्न कुनै बेला एक मात्र सडकका रूपमा राप्ती लोकमार्ग थियो । घोराही होलेरी थवाङ, महत हुँदै तकसेरा, मैकोट जाने शहिद मार्ग मध्यपहाडी राजमार्गको खावाङमा जोडिन्छ । शहिद मार्गको ठाउँ-ठाउँमा कालोपत्रे हुँदैछ ।

» बाँकी ३ पेजमा

## निजी मिडियामा आर्थिक नाकाबन्दीविरुद्ध सर्वोच्चमा रिट दायर




बुटवल । सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ ।

नेपाल मिडिया सोसाइटीकातर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सर्वोच्च अदालतमा सो रिट निवेदन पेश गरेका हुन् । सोसाइटी राष्ट्रिय दैनिकलगायतका प्रमुख सञ्चार माध्यमका प्रकाशकहरुको संस्था हो । दर्ता भइ सो मुद्दाको प्रारम्भिक सुनुवाइ मंगलबारलाई तोकिएको छ ।

सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले उक्त निर्णयलाई सर्वोच्च अदालतमा चुनौती दिएको अधिवक्ता लुईंटेलले जानकारी दिए ।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत् प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सोअन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो ।

विज्ञापनको निर्णय गैर कानुनी तथा संविधान विपरीतको भई सम्पूर्ण चौथो अंगलाई नै तवाही मच्चाउने कार्य भइआएको भन्दै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्ने निर्णय गरी अधिवक्ता लुईटेललाई मुद्दा गर्न अख्तियारी समेत दिएको हो ।

रिटमा चौथो अंगको विरोध सार्वजनिक भइसकेको र चौथो अंग आतंकीत भइसकेको समेत उल्लेख गरिएको छ । सरकारको सो निर्णय विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा १०, ११, १२, १३, १४, १५, २६, २७, ३२ तथा ऐ विज्ञापन नियमावली २०७७ को नियम, २९ ख २०, ५ क, ५ ख, ५ ग ५, ६, ६ क, ९ घ, १० क, ११ क तथा नेपालको संविधानको धारा १७, १८, १९ ले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता हक नै निस्तेज बनाउने कार्य भएको उल्लेख छ । रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३९२०९३० बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्चयाउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्नू नगराउनू भनी प्रतिषेध मिश्रित परमादेश माग गरिएको छ ।

मुद्दाको टुंगो लाग्न समय लाग्ने भएकोले त्यतिञ्जेल सो निर्णय नरोकिए जनताको अभिव्यक्ति स्वतन्त्रतामा प्रतिकूल असर परी मुलुकको चौथो अंग नै धारासायी भई अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकमा समेत गम्भीर असर पर्ने भएकोले अन्तरिम आदेश समेत रिटमा माग गरिएको छ ।




# सम्पादकीय

## प्रधानमन्त्रीको सकारात्मक पहलकदमी

प्रधानमन्त्री बालेन्द्र साहले प्रदेशगत रूपमा प्रतिनिधिसभा सदस्यहरूसँग छलफल गरिरहेका छन् । कोशी प्रदेशबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसँग छलफल गरी सुरुवात भएको छलफल सोमबार लुम्बिनी प्रदेशबाट निर्वाचित सांसदहरुसँग भएको छ। यो एउटा सकारात्मक पहलकदमी हो। प्रधानमन्त्रीले प्रतिनिधिसभा सदस्यहरुसँग प्रदेशगत छलफल गरेर समस्या बुझ्ने, सरकारले गर्न लागेको काम र योजनाबारे जानकारी गराउने प्रयास सरकार-सांसदबिच दूरी न्यूनीकरणको उपाय समेत हो।

सरकारले मुलुक हाक्छ। सरकार अर्थात् कार्यपालिकालाई दिशानिर्देश गर्ने काम व्यवस्थापिकाको हो। व्यवस्थापिकाले कानुन बनाउने र सरकारलाई खबरदारी गर्ने काम गर्छ। संसदीय प्रणालीमा प्रतिनिधिसभामा बहुमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री हुने व्यवस्था छ। त्यही संसदका सदस्यबाट सरकारका मन्त्री नियुक्त हुन्छन् । प्रधानमन्त्री र मन्त्रीलाई नियन्त्रण गर्ने काम संसदले गर्छ। संसदका विषयगत समितिले सरकारका काम कारबाहीका बारेमा प्रधानमन्त्री र मन्त्रीहरुलाई जवाफ दिन बोलाउन सक्छन् । यो हिसाबले व्यवस्थापिका संसदले सरकारलाई नियन्त्रण र सन्तुलन गरेको हुन्छ । कार्यपालिका सरकारलाई संसद व्यवस्थापिकाले नियन्त्रण र सन्तुलनमा राख्ने संवैधानिक प्रबन्ध र नागरिकको मतले निर्वाचित सांसदहरुसँग छलफल गर्दा समस्या पहिचान र एक अर्कालाई बुझ्ने माध्यम पनि हो। यस्तो छलफलले नागरिकका सरोकारबारे सांसदले ध्यानाकर्षण गराउँछन् नै, प्रादेशिक मनोविज्ञानबारे बुझ्न प्रधानमन्त्रीलाई सहज हुन्छ।

अहिले प्रधानमन्त्री बालेन्द्र साहका बारेमा बुझ्न धेरैलाई कठिन भइरहेको छ। उनी कम बोल्छन् । चुनावी अभियानका क्रममा पनि उनी धेरै बोलेनन् । धेरै नबोली उनले चुनाव जिते । उनीप्रति नागरिकको लगावले राष्ट्रिय स्वतन्त्र पार्टीलाई झण्डै दुई तिहाइको मत दिए। उनी कामबाट देखाउने भन्दैछन्। लोकतान्त्रिक व्यवस्था पारदर्शी व्यवस्था हो। सरकारले गर्न लागेका हरेक काम नागरिकलाई जानकारी हुनुपर्छ। ती काम विधिसम्मत हुनुपर्छ । विधिसम्मत भए नभएको बारेमा नागरिकले प्रश्न उठाउन पाउनुपर्छ। प्रश्न उठेपछि प्रधानमन्त्रीले जवाफ दिनुपर्छ नै, त्यसभन्दा पहिले सरकारले गर्न लागेका काम र योजनाबारे पनि नागरिकलाई बुझाउन सक्नुपर्छ। त्यसकारण प्रधानमन्त्री नबोली सुख छैन। प्रधानमन्त्री नबोली रहस्यमय पात्रका रुपमा कार्यकाल बिताउन पाउँदैनन्। बाहिर भाषण गर्दै नहिंडे पनि संसदमा बोल्दिन भन्न पाइन्न।

प्रदेशगत रुपमा सांसदसँग छलफल गरेर सरकारको योजनाकाबारेमा उनले सांसदलाई बुझाउन पाए। प्रधानमन्त्री र सरकारलाई सांसदले पनि बुझ्न पाए। सत्तारूढ दलका सांसदलाई मात्रै नभएर सबै दलका सांसदसँगको छलफल आयोजना हुनु महत्वपूर्ण छ। यस्तो छलफल बेलाबखत भयो भने लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन बल पुग्छ।

## ८३ अंकले बढ्यो सेयर बजार



काठमाडौं। अघिल्लो दिन आइतबार १०५ अंक घटेको सेयर बजार सोमबार ८३.३३ अंक बढेको छ। सो अंकको वृद्धिसँगै बजार परिसूचक नेप्से २७६० अंकमा पुगेको छ। दिउँसो २ : ३३ बजे नेप्से परिसूचक ९८ अंकसम्म बढेर २७७५ अंकसम्म पुगेको थियो, जुन विन्दु कारोबार अवधिको उच्चतम रह्यो।

अघिल्लो दिन आइतबार उच्च अंक बजार घटेपछि सोमबार बिहान स्टक ब्रोकर एसोसिएसन अफ नेपालका पदाधिकारीसँग भेटवार्ता गरी अर्थमन्त्री स्वर्णिम वाग्लेले बजारमा अनावश्यक त्रास फैलिएको बताएका थिए।

आगामी बजेट रुपान्तरणकारी हुने र बजारको पारदर्शिताका लागि सरकारले काम गर्ने आश्वासन दिएका थिए । बजारमा आत्तिनु नपर्ने आशय दिएका थिए । त्यस्तै आर्थिक पत्रकार समाज (सेजन)का पदाधिकारीसँगको भेटमा पनि उनले रास्वपाको घोषणापत्रमा उल्लेख भएअनुसार बजार सुधारको काम हुने बताएका थिए। नेप्से पुनर्संरचनाको काम अघि बढिरहेको स्पष्ट पारेका थिए।

अर्थमन्त्रीको आश्वासनले पनि बजार बढ्न मद्दत पुगेको हो । कारोबार रकम केही घटेको छ । २६४ कम्पनीको मूल्य बढेको छ भने ४ को घटेको छ, एकको स्थिर रह्यो। सबै समूहका सूचक बढेका छन्। हाइड्रोपावर समूह सबैभन्दा धेरै ४.५९ प्रतिशत बढ्यो। त्यस्तै फाइनान्स ४.०३ प्रतिशत बढ्यो।

बैंकिङ ३.१८, विकास बैंक ३.६३, होटल तथा पर्यटन ३.२४, लगानी ३.३३, जीवन बिमा २.६६, उत्पादन तथा प्रशोधन १.५३, माइक्रोफाइनान्स २.४३, निर्जीवन बिमा २.९४, अन्य २.३६ तथा व्यापार २.४० प्रतिशत बढे।

८ कम्पनीको मूल्य १० प्रतिशत बढेको छ। १० प्रतिशत बढेका कम्पनीमा उपकार लघुवित्त, रिडी पावर, नेसनल हाइड्रोपावर, भुजुङ हाइड्रोपावर, सुपरखुदी हाइड्रोपावर, रिजलाइन इनर्जी, सूर्यकुन्ड हाइड्रो इलेक्ट्रिक र होटल फरेस्ट इन छन्। कर्पोरेट डेभलपमेन्ट बैंकको ९.८८, शिवश्री हाइड्रोपावरको ९.५५ तथा हिमाल दोलखा हाइड्रोपावरको ९.१८ प्रतिशत मूल्य बढ्यो।

अघिल्लो दिन आइतबार १० प्रतिशत बढेको रिलायन्स स्पिनिङ मिल्समा सोमबार भने बिक्री चाप बढेको छ। कम्पनीको मूल्य १.६० प्रतिशत घट्यो। धेरै कारोबार भएका कम्पनीमा रिलायन्स स्पिनिङ मिल्स, हिमालयन रिइन्स्योरेन्स, एनआरएन इन्फ्रास्ट्रक्चर, अपी पावर र रिडी पावर छन्।

# सिमाना विवाद : वर्तमान सरकार नचुकोस्



श्यामप्रसाद मैनाली

नेपालको सिमाना विशेष गरी दक्षिणतर्फको छिमेकी राष्ट्रबाट पटक-पटक अतिक्रमण भइराखेको सन्दर्भ सबैमा जगजाहेर छ। प्रत्येकपटक नेपालको राजनीतिमा उथलपुथल हुँदा नेपालको सिमाना मिचिँदै आएको छ । यसपटक मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरेको देशमा कल्पनाविपरीत एकै दलले संसदमा दुई तिहाइ मत प्राप्त गरेर अत्यन्त सहजताका साथ सरकार सञ्चालन गर्ने अवसर राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेताले प्राप्त गरेका छन्।

यो अवस्था देशमा सृजना हुनुको पछाडि पुरातन राजनीतिक दलहरूप्रतिको नागरिकहरूको वितृष्णा र बालेनप्रतिको आशा र भरोसाले ठूलो काम गरेको छ । यतिखेर बालेन लोकतान्त्रिक देश नेपालको हालसम्मका सबैभन्दा शक्तिशाली सरकार प्रमुख बनेका छन् । प्रायः सबै क्षेत्र अस्तव्यस्त भएको अवस्थामा देशको शासनभारको जिम्मा लिनुपर्ने अहं चुनौती नयाँ प्रधानमन्त्रीले सामना गर्नुपर्ने अवस्था छ । यही समयमा नेपालको भूभाग लिपुलेक, लिम्पियाधुरा हुँदै हिन्दूहरूको पवित्र धार्मिक स्थल मानसरोवरसम्म पुग्ने बाटो छिमेकी देश भारतले निर्माण गरेको छ। यही क्षेत्रलाई दुई देशीय व्यापार विन्दुको रुपमा प्रयोग गरी भारत र चीनले व्यापार व्यवसाय सञ्चालन गर्ने तीव्र तयारी गरिराखेका समाचारहरु सम्प्रेषण भइराखेका छन्।

पश्चिम एसियामा देखिएको द्वन्द्वका कारण नेपाली नागरिकको भातभान्सा प्रभावित भइरहेको अवस्थामा नेपालको भूभाग अतिक्रमण गरी खुलेआमरुपमा व्यापार व्यवसाय गर्ने छिमेकी देशहरू तय गर्दै छन्। यी दुई छिमेकी राष्ट्रले हाम्रो नयाँ प्रधानमन्त्रीको परीक्षण गर्दै गएको विश्लेषण राजनीतिप्रति चासो राख्नेहरूका बीच हुन थालेको छ।

नेपालसँग यो क्षेत्र आफ्नै भएको पर्याप्त प्रमाण छन्। हाल आएर चीन र भारत दुवैले यहाँको मार्गलाई चलनचल्तीमा ल्याई नेपालको प्रतिक्रिया के-कस्तो आउने हो, नयाँ प्रधानमन्त्रीले सार्वभौमसत्तामाथिको अतिक्रमणको अवस्थालाई कसरी लिने हुन् ? भन्ने प्रतीक्षा गरिराखेको अवस्था छ । नेपाली नागरिकहरूले पनि नयाँ प्रधानमन्त्रीमा देखिएको राष्ट्र र राष्ट्रियताप्रतिको हालसम्मको समर्पणभावलाई यस मुद्दामा पनि आफ्नो उपस्थिति दिँदै नेपाली भूभाग फिर्ता गर्न प्रयासरत रहेको देख्न चाहेका छन्।

नेपाल र इस्ट इन्डिया कम्पनीबीच सन् १८१६ मा भएको सुगौली सन्धिबाट नेपालको हालको सिमाना कायम भएको हो । उक्त सिमाना कायम हुँदा यो क्षेत्र नेपालकै रहेको स्पष्ट गरिएको छ। पुरानो सबै नक्साहरूमा काली नदीको मुहानदेखि पूर्वतर्फको भूभाग नेपालको हुने स्पष्ट गरिदिएको छ।

नेपालको दाबीअनुसार काली नदीको मुहान लिम्पियाधुराबाट प्रारम्भ हुन्छ। त्यसैले लिम्पियाधुरा लिपुलेक र कालापानी सबै नेपालको भूभाग हो । तर भारतको भनाइ काली नदीको मुहान कालापानीनजिकको सानो झरना हो। लिम्पियाधुरा क्षेत्र भारतकै रहेको दाबी गरी सोही अनुरुप नयाँ नक्सा तयार पारेको छ। तथ्य र प्रमाणका आधारमा भारत र नेपालको कुनचाहिँ दाबी सही हो ? निष्कर्षमा पुग्नुपर्ने हुन्छ।

इस्ट इन्डिया कम्पनीसँग रहेका नक्साहरूमा यो क्षेत्र नेपालकै छ। भारतका पुराना नक्साहरू झिकाएरै अध्ययन गर्ने हो भने यो क्षेत्र नेपालकै देखिन्छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्न भारतीय सेना आएको थियो। निर्माणकार्य सम्पन्न गरेपश्चात् भारतले नेपालका उत्तरी सिमाना क्षेत्रका १७ स्थानमा आफ्ना चेकपोस्टहरू राख्न थाल्यो । त्यस बखत नेपालले कुनै विरोध जनाएन। नेपालको सहमतिबेगर ती नाकाहरुमा विदेशी सेना तैनाथ हुन सक्ने थिएनन्।

यो वि.सं. २००९ को घटना हो। २०२७ सालमा नेपालले सबै चेक पोस्टहरूमा रहेका भारतीय सेनाहरूलाई फिर्ता पठाउने निर्णय गऱ्यो । त्यस बखत भारतले केही समय कालापानी क्षेत्रमा मात्र सेना राख्न अनुमति माग्यो । त्यही अनुमतिपत्रका आधारमा नेपालले कालापानी क्षेत्रमा भारतीय सेनालाई निरन्तरता दिन सहमति जनाएको थियो। नेपालका पुराना संविधानहरूमा यो क्षेत्र समेटिएको चुच्चे भागसहितको राष्ट्रिय नक्सा राखिएको थियो।

२०३२ सालसम्म नेपालको नक्सा भारतीय पक्षले नै तयार पार्ने गर्दथ्यो । तत्पश्चात् नेपाली पक्षले आफ्नो राजनीतिक नक्सा तयार पार्न थालेको हो। त्यही वर्षबाट नेपालको राजनीतिक नक्सामा यो भूभाग हटेको हो । नेपालका पाठ्य पुस्तकहरुमा यो भूभाग नेपालकै भएको अध्यापन शिक्षण संस्थाहरूमा गराइन्थ्यो । हाल आएर पाठ्यपुस्तकहरुमा पनि यो क्षेत्रका बारेमा केही उल्लेख गरेको पाइँदैन।

नेपालको राष्ट्रिय जनगणनामा उक्त क्षेत्रका नागरिकहरूलाई समेटेको अवस्था छ । यो कुन मितिसम्म कायम रहेको हो ? राष्ट्रिय जनगणनाको पुरानो अभिलेखबाट स्पष्ट हुन्छ। त्यस क्षेत्रमा भएका निर्वाचनमा उनीहरूले भाग लिएका थिए । २०३१ सालसम्म टिंकर क्षेत्रमा नेपालको सीमा प्रहरी चौकी पनि तैनाथ भएको थियो । सीमा प्रशासन कार्यालय पनि त्यस क्षेत्रबाट हटेको लामो समय भएको छैन। सन् १९०३ मा चिनियाँ भाषामा तयार पारिएको नक्सामा यो क्षेत्र नेपालकै देखाएको छ। महाकाली नदीको उद्गम स्थललाई चीनले नेपालको भूभाग मानेको छ।

ब्रिटिस आर्मी अफ इन्डियाले १८२७ र १८५६ इस्वी सन्मा प्रकाशित नक्सामा यो क्षेत्र नेपालको भएको स्पष्ट छ । त्यस क्षेत्रका बासिन्दाहरूसँग नेपालकै लालपुर्जा रहेको अवस्था छ। तिरो तिरेको पुराना रसिदहरू पनि उपलब्ध छन् । चीनले २००५ मा पठाएको आधिकारिक पत्रमा उक्त क्षेत्र नेपालकै भएको र नेपालको सार्वभौम सत्ताको चीनले सदा सम्मान गर्ने उल्लेख गरिएको थियो । काली नदीको मुहानबाट उक्त नदी पूर्वतर्फ तीनवटा गाउँहरू गुन्जी, कुटी र नाभी भएर बग्दछ भनिएको छ। लिपुलेकको यो मुहानबाट पूर्वतर्फ यी तीनवटा गाउँहरू पर्दछन् । यसमा भारतले पनि पटक-पटक सहमति जनाएको छ।

अन्तर्राष्ट्रिय मान्यताअनुसार सबैभन्दा ठूलो नदी, लम्बाइ- चौडाइ धेरै भएको, पानीको मात्रा बढी भएको नदीलाई मुख्य नदी मान्नुपर्छ भनिएको छ । नेपालले दाबी गरेको र भारतले दाबी गरेको काली नदीको तुलना गर्दा अन्तर्राष्ट्रिय मान्यताअनुसार नेपालले दाबी गर्दै आएको स्थान नै काली नदीको मुहान हो । यस क्षेत्रमा नेपालको एकीकरण गर्नुपूर्व जुम्ली रजौटाहरूले राज गरी आएको देखिन्छ।

सन् १८५६ र १८५७ मा इन्डियाले तयार पारेको नक्सामा लिम्पियाधुराबाट उत्पन्न नदी नै काली नदी हो भन्ने स्पष्ट छ। २०२९ सालमा दार्चुलाका प्रमुख जिल्ला अधिकारीलाई तिब्बत व्यापारको बारेमा सीमा प्रहरी टिंकरले प्रतिवेदन बुझाएको थियो । यही वर्ष भारतले त्यस क्षेत्रमा बनाइरहेको अवैध पुलको बारेमा प्रतिवेदन पनि प्रहरीले दिएको थियो । २०३८ सालमा दार्चुलाका प्रमुख जिल्ला अधिकारीले टिंकरका प्रहरीसँग फोटो खिचाएका तस्वीरहरू सार्वजनिक गरेका छन् । २०२९ सालसम्म व्यास गाउँपञ्चायतमा नेपालका सरकारी कार्यालयहरू रहेका थिए । पञ्चायती कालमा प्रकाशित हुने रु. १ को सिक्कामा यो क्षेत्र समेटिएको नक्सा राखिएको थियो।

सरकार विदेशी सेनालाई आफ्नो भूभागमा तैनाथ गर्न अनुमति दिन्छ। आफ्ना कार्यालयहरू उक्त क्षेत्रबाट हटाउँछ । नेपालको नक्सामा यी क्षेत्रहरू हटाएर नयाँ नक्सा जारी गर्छ । १६ ठाउँका सेना हटाउँदा कालापानी क्षेत्रको सेनालाई यथावत् राख्न अनुमति दिन्छ। लिखित पत्रको आधारमा गरिएको यो निर्णय भनिदै गर्दा उक्त लिखत नेपाल सरकारसँग रहेकोमा आशंका छ। सर्वोच्च अदालतले माग गर्दा उपलब्ध गराउन सकेको छैन।

सरकारले हालका दिनसम्म सार्वजनिक गरेको पनि छैन । इस्ट इन्डिया कम्पनी भारतबाट फिर्ता हुने अवस्थामा कम्पनी र नेपालका बीच भएका सबै सन्धि, सम्झौता, समझदारी, संलग्नता एकमुष्ट खारेज गर्ने दुई पक्षीय समझदारी गरी उक्त दस्ताबेजमा दुवै पक्षहरुले हस्ताक्षर गरेका छन्। यो प्रश्न उठाउन सरकार चाहँदैन । त्यही समयमा राणाहरूले इस्ट इन्डिया कम्पनीसँग उक्त क्षेत्र व्यवहारमै आफूले फिर्ता लिएको समझदारी गर्न सक्नुपर्दथ्यो।

उनीहरुले पनि नेपालमा आफ्नो भविष्य राम्रो देखेनन् । राष्ट्रियताको पक्षमा उभिएनन् । कम्पनीसँग सुगौली सन्धिमा हस्ताक्षर गर्ने सौदाबाजी गर्दा पूर्वी तराईका समथर भूभाग १८१५ मै फिर्ता भएको हो । जंगबहादुरले सिपाही आन्दोलनमा नेपाली सेना पठाई कम्पनीलाई सहयोग गरेको गुण फर्काउन कम्पनीले नयाँ मुलुक भनेर चिनिने हालका नेपालका चार जिल्लाहरू फिर्ता गरिएको इतिहास हामीसँग छ। लामो समयदेखि नेपालका योजना र कार्यक्रमहरूले उक्त क्षेत्रलाई छाडिदिएको छ। त्यस क्षेत्रका नागरिकहरूको आवागमनका लागि भारतीय पक्षको अनुमति चाहिने व्यवस्था मिलाएको छ। यस्तो पीडादायी अवस्थामा नेपाली नागरिकहरू रहँदा सिंहदरबारलाई कुनै पनि प्रकारको असहज भएन, हुँदैन।

कर्णाली आयोजनामा भारतको स्वार्थ ठूलै थियो। उनीहरूको स्वार्थ पूरा गर्न नेपालले समर्थन जनायो । त्यही बेला महाकाली नदीको उद्गम विन्दुका बारेमा भएको विवाद नेपालीहरूले समाधान गर्न सक्थे। भारतले त्यो समय मञ्जुर गर्न सक्थ्यो। त्यो अवसर पनि हामीले गुमायौं। नेपालको भूभागमा २२ किलोमिटर लामो बाटो १३ महिना लगाएर नेपाललाई सूचना नगरी भारतीय पक्षले निर्माण गर्दा हाम्रो सरकारले पत्तै पाएन।

व्यापार विन्दुको रूपमा प्रयोग गर्ने गरी दुईपक्षीय समझदारी गर्ने क्रममा चीनले कूटनीतिक नोटमार्फत् नेपाल सरकारलाई प्रमाण केही भए पेस गर्न अनुरोध गरेको थियो। नेपालको भूभाग देखिएमा उक्त सन्धि नगर्ने वचन लिखितरुपमा दिएको सूचना त्यस बखत सार्वजनिक भएको थियो । तर यसमा हामी मौन बन्यौं, किन ? दुवै देशले यस क्षेत्रलाई त्रिपक्षीय व्यापारिक विन्दु मान्दै आएका थिए । भूभाग नेपाल भएकोमा सन्देह थिएन । यी सबै प्रमाणहरू नेपालसँग हुनै पर्दछ। अन्यथा शासकहरूले नेपालको सार्वभौमसत्तामाथि पटक-पटक खेलबाड गरेको आरोप सत्य सावित हुन जान्छ।

नेपालको भूभाग मिचिएको प्रामाणिक हिसाबले हामी कहीँ चुकेका छैनौं, यो मिचिएको क्षेत्र हाम्रै हो। जुनसुकै आधिकारिक निकायमा नेपालको उपस्थिति सबल देखिनेमा सन्देह रहँदैन । समस्या छिमेकीतर्फ छ, हाम्रा शासकहरूको मनोबलमा छ । जनतासँग प्रस्तुत हुने शैली र यथार्थमा भारतसँग प्रस्तुत हुने शैली अत्यन्त पृथक रहेको घटनाक्रम र प्रमाणहरुले स्पष्ट पारेका छन्। तसर्थ अब पालो वर्तमान प्रधानमन्त्री बालेनको आएको छ । उनीबाट सार्वभौमसत्ताको पक्षमा प्रतिबद्ध रहने अपेक्षा नेपाली नागरिकहरूले गरेका छन्। किनकि मेयरको कार्यकाल बिताइरहँदा ग्रेटर नेपालको पक्षमा उनी दृढ थिए।

सर्वप्रथम यो समस्याको समाधान गर्नुपूर्व उल्लिखित दस्ताबेज, प्रमाणहरू नेपाल राष्ट्रसँग मौजुदा छन्/छैनन् ? हालसम्म सार्वजनिक नगरिएका कारण शंका भएकाले यसका बारेमा यथार्थ के हो ? कुन-कुन सरकारले के-कस्ता गल्ती, हेलचेक्र्याइँ गरेका कारण यो अवस्था सिर्जना भएको हो ? तथ्यका आधारमा प्रस्तुत हुन ढिला गर्नुहुँदैन । यसको प्रतिबद्धता नयाँ प्रधानमन्त्रीबाट आउनुपर्दछ। बोर्डर समस्या समाधानका लागि हालसम्म भएका प्रयासहरू, यसमा देखिएका समस्याहरू प्रमाणका आधारमा के-के हुन् ? यी सबै स्पष्ट पारेर एउटा श्वेतपत्र जारी हुनुपर्दछ।

दोस्रो हो, नेपालका थुप्रै स्थानमा करिब ६३ हजार हेक्टर जमिन भारतीय पक्षले अतिक्रमण गरिराखेको छ । सुस्ता र कालापानी क्षेत्रबाहेक अन्यत्र सबैको समस्याको समाधान दुईपक्षीय प्राविधिक समितिले गरिसकेको छ । राष्ट्रियस्तरमा समझदारी गरी यसलाई स्वीकार गर्न मात्र बाँकी हो। यो विषयलाई अत्यन्त गम्भीरताका साथ लिई दुईपक्षीय वार्ता अघि बढाउनुपर्दछ । तेस्रो हो, विभिन्न माध्यमबाट प्राप्त सूचनाअनुसार नेपालले हाम्रा पक्षमा भएका प्रमाणहरू लोप गराइसकिएको छ । ती पदाधिकारीहरूको पहिचान गरेर सार्वजनिक गर्नु जरुरी हुन्छ। किनकि उनीहरु राष्ट्रघाती हुन्।

नेपालमा उपलब्ध नभएका प्रमाणहरू अन्तर्राष्ट्रिय स्तरमा उपलब्ध हुन सक्छन् । अन्वेषण हुनु जरुरी छ । इस्ट इन्डिया कम्पनीसँग पटक-पटक भएका सन्धि, समझदारी, सम्झौताले यो क्षेत्र कसको हो ? निश्चित गर्दछ। यी दस्ताबेजहरू संयुक्त अधिराज्यका सम्पत्ति हुन् । उनीहरुसँग यो सुरक्षित रहन्छ । ब्रिटिस पुस्तकालय, नेसनल आर्काइब्स युकेमा खोजी गर्दा प्राप्त हुन सक्छन्। सो खोजी गरी तथ्य र प्रमाणको आधारमा नेपाल सक्षम हुनु जरुरी हुन्छ।

यसतर्फ नयाँ सरकारको ध्यान जानुपर्दछ । यस विषयमा आफ्ना समकक्षीहरूसँग तत्कालीन प्रधानमन्त्रीहरू गिरिजाप्रसाद कोइराला र सुशील कोइरालाले साइडलाइनमा वार्ता गरी दुई देशहरूका आधिकारिक प्रतिनिधिहरूका बीच कूटनीतिक स्तरमा यो समस्याको समाधान गर्ने समझदारी बनेको जानकारी त्यस समय प्राप्त भएको थियो। परराष्ट्र मन्त्रालयले यसको स्वामित्व लिनुपर्दछ । लामो समयदेखि नेपालको कूटनीतिक क्षेत्रमा रहनुभएका व्यक्तित्वहरूसँग सूचनाहरू हुन सक्छन्। उहाँहरूको सहयोग सरकारले लिनुपर्छ।

नेपालले छिमेकी राष्ट्र भारतसँग शीघ्र यसबारेमा दुईपक्षीय वार्ताको आयोजना गर्नुपर्छ । वार्तामा सुगौली सन्धिलाई आधार मान्ने गरी भारतसँग आफ्ना भनाइहरू राख्नुपर्दछ । यदि सुगौलीको सन्धिलाई भारतले अमान्य घोषित गरेमा इस्ट इन्डिया कम्पनीको सन् १९५० मा नेपालसँग भएका सन्धिलाई आधार बनाउनुपर्छ।

जुन सन्धिअनुसार यसअघि नेपालसँग इस्ट इन्डिया कम्पनीले गरेका सन्धि, सम्झौता, समझदारी, संलग्नता सम्पूर्ण अमान्य रहने गरी हस्ताक्षर भएका छन् । यस अर्थमा वार्ता अघि बढाउँदा टिष्टा र काँगडासम्म हामी पुग्छौँ। यो दुईपक्षीय सौदाबाजीका लागि अत्यन्त सफल पक्ष हुन सक्छ। इस्ट इन्डिया कम्पनी र नेपालका बीच भएको शान्ति तथा मैत्री सन्धि सन् १९५० को दफा ८ मा यो व्यहोरा स्पष्टताका साथ राखिएको छ।

नेपालको सार्वभौम सत्ताको संरक्षणका लागि आवाज उठाउने उपयुक्त समय यही हो । जनताले ठूलो जनादेश दिएर विश्वास र भरोसा गरेका प्रधानमन्त्री बालेन छन् । विशेष गरी सुस्ता क्षेत्र र लिपुलेक क्षेत्रमा रहेका जनतालाई स्पष्ट जबाफ यस सन्दर्भमा नयाँ प्रधानमन्त्रीले दिन सक्नुपर्दछ। अन्यथा नेपाली जनतासमक्ष सरकारले यो क्षेत्र हाम्रो हातबाट गुमेको सन्देश दिने साहस गर्नुपर्दछ।

हामीले यो क्षेत्र प्राप्त गर्नको लागि सबैभन्दा ठूलो हतियार भनेकै दुईपक्षीय वार्तालाई बनाउनुपर्दछ। लामो समयदेखि पाकिस्तान र भारतका बीचको सिमानासम्बन्धी द्वन्द्व सुरक्षा परिषद्मा पुगेर पनि टुंगो लाग्न सकेको छैन । बंगलादेशले भारतसँगको सीमा द्वन्द्वको समाधानका लागि लामो समय वार्ता गऱ्यो । अन्तर्राष्ट्रियस्तरबाट कूटनीतिक पहलकदमीमार्फत् दबाब सिर्जना गऱ्यो । दुई देशहरूका बीच सौहार्दपूर्ण सम्बन्धमा पनि कुनै कमी राखेन । अन्त्यमा ४५ वर्षपछि ४३ हजार बिघा जमिन भारतले सौहार्दताका साथ बंगलादेशलाई फिर्ता गरिदिएको उदाहरण छ । यस अर्थमा पनि वार्ताबाटै यो समस्याको समाधान आउन सक्छ। यो क्षमता नेपाल सरकार र नेपालको कूटनीतिज्ञहरूले देखाउन सक्नुपर्दछ। वर्तमान सरकारको मूल्यांकनको एउटा आधार यो बन्नेमा कुनै सन्देह रहँदैन।

समाचारपत्रबाट

# सांस्कृतिक पर्व: 'चैत बारुवाँ, सोरुवाँ र बिसुवाँ'

**शुरबहादुर सिंह**
*कर्णाली*

'चैता बारुवाँसम्म घर आएन भने जुम्ली मऱ्यो भुनि जान्नु' अर्थात् (चैतको १२ गतेसम्म पनि घर पुगेन भनेर जुम्लीको मृत्यु सुनिश्चित गर्नु) । यो कर्णालीको जनजीवनमा आधारित यथार्थ र कारुणिक कथन हो। कथनी भए पनि करणीसँग मेला खाने यस भनाइले यहाँको सामाजिक र सांस्कृतिक जीवनसँग अन्तरसम्बन्ध राख्दछ।

खासगरी असोज कात्तिकमा धान, कोदो, फापरलगायतका बाली भण्डारण गरेर कालापहाड जाने कर्णालीवासीको जीवनशैलीसँग अन्तरसम्बन्धित कथा बोकेको ऐतिहासिक महत्वको दिन हो, चैत १२ गते अर्थात् बारुवाँ। यसलाई जुम्लाले विशेष महत्व दिएर 'मुठो रोपेर मुरी उत्पादन' गर्ने शुभदिनका रुपमा मनाउने गर्दछ।

कर्णाली प्रदेश सरकारले राजपत्रमै प्रकाशन गरेर २०७६ चैतको १२ गतेलाई जुम्लाको धान दिवस मनाउने गरी सार्वजनिक बिदा दिँदै आएको छ । त्यसैअनुसार धान दिवसका रुपमा जुम्लालाई चैत १२ गते सार्वजनिक बिदा दिइन्छ। यही दिनबाट धानको बिउ उमार्न कृषकहरुले चार/चार दिनको फरक पारेर बेर्नामा छर्ने बिउ तयार पार्दछन्।

कर्णालीका संस्कृतिसम्बन्धी जानकार रमानन्द आचार्यका अनुसार जुम्लाले चैत महिनालाई 'बारुवाँ (१२ गते), सोरुवाँ (१६ गते) र बिसुँवा (२० गते)' पर्वका रुपमा मनाउँछ। चैत १२ गते नदी वा खोला किनारको पानीमा धान भिजाउने, चैत १६ त्यहाँबाट निकाल्ने र चैत २० गते आलीमा बीउ छर्ने दिन सामाजिक तथा सांस्कृतिक दृष्टिले सम्पन्न मानिन्छ। यो पर्व अहिले पनि विद्यमान छ र नागरिकले यसलाई निरन्तरता दिइरहेका छन् । खासगरी जुम्ली किसानहरुले वर्षभरि लगाउने सबै खेतबारीमा रोप्न मिल्ने आँकलन गरी त्यही परिमाणमा कालीमार्सी धान केलाएर पुष्ट धानलाई भाँगो वा अल्लाबाट बनेको बोरोमा हालेर नजिकैको नदी वा खोलामा भिजाउने परम्परा रहेको आचार्यले बताए।

बारुवाँमा भिजाइएको धानलाई चार दिनपछि सोरुवाँ (चैत १६) गतेका दिन पानीबाट उतारेर घरमा ल्याउँछन् । भिजाइएको धानलाई घरको चुल्होसँग जोडिएको मैडो(समथर ठाउँ)मा राख्छन्। सल्लाको झुप्रा वा भोजपत्रले त्यसलाई ढाकेर न्यानो बनाउँछन्। त्यही दिनमा भिजाइएको धानको चिउरा कुट्छन् र पोइलीमा गएकी छोरी बहिनीहरुलाई कोशेलीका रुपमा पठाउने गर्दछन्।

विशेषतः बारुवाँ पर्व, चन्दननाथ बाबा र लक्षालकृति पैकलोबीच अन्तरसम्बन्ध रहेको जानकार आचार्यले बताए। "प्रदेश सरकारले बारुवाँलाई केन्द्रित गरी जुम्लामा सार्वजनिक बिदा दिएर बारुवाँ संस्कृतिको ऐतिहासिक बिरासत जोगाएको छ," उनले भने-"बारुवाँले मार्सी धानको शुभारम्भ, यसको खोज र उत्पादनको इतिहासलाई पल्टाउँछ।" उनका अनुसार साके सम्वत् १५१५ मा विद्धान हरिदास आचार्यले लेखेको ५० श्लोकको 'सिद्ध पञ्चाशती' मा पनि कालीमार्सी धान जुम्लामा उत्पादन भएको ब्याख्या गरिएको छ।

पन्ध्रौँ शताब्दीतिर चन्दननाथ बाबाले आफ्नो अध्ययन, खोज तथा अनुसन्धान कालीमार्सी धान पत्ता लगाएको पाईन्छ । किवदन्ती अनुसार तातोपानी गाउँपालिकामा जन्मेको लक्षालकृति पैकलो (शूरबीर)ले तातोपानीकै लाक्षु जिउलोको बीचमा अवस्थित गुरु फोक्टो (गह्रो)बाट कालीमार्सी धानखेती शुरुवात गरेको इतिहासमा उल्लेख भएको उनको भनाइ छ।

**को हुन् लक्षालकृति पैकेलो ?**

किंवदन्ती अनुसार लक्षालकृति पैकेलो चन्दननाथ बाबाको आज्ञाकारी चेलो थिए। यद्यपि तातोपानी गोष्थडा गाउँनिवासी सन्तानविहीन बुँदे बुढा वनमा निगाला लिन जाँदा रोइरहेका बालक भेटाएपछि घरमा ल्याएर धर्म छोरो बनाएका थिए। उनले दानुवा दह नजिकको दानसाँघु भिट्टो (डाँडो), हालको जुम्ला सदरमुकामको यावा दहसँग जोडिएको खलाचौर भिट्टो र लामी रहसँग जोडिएको बाँजाराउला भिट्टो काटेर जुम्लामा मानव बस्ती बसाल्नुका साथै धानखेती शुरु गरेका थिए भन्ने भनाइ छ।

इतिहासकारहरुलाई उदृत गर्दै आचार्यले लक्षालकृति एक असाधारण, शक्तिशाली, पराक्रमी एवं परिश्रमी व्यक्ति भएको र उनले गरेको मार्सी धान खेतीपछि साविकका कर्णालीका अन्य जिल्लामा पनि फैलिएको बताए। लक्षालकृति पैकलोले धानखेती सुरु गरेको गुरु फोक्टो रहेको जिउलोको नाम लाक्षु रहेकाले जुम्लाका चौधबीस, असी, सिञ्जा दरा (भेक) बाहेक पाँच सय दरामा कालीमार्सी धान उब्जनी गर्न थालिएको उनको भनाइ थियो।

तातोपानी गाउँपालिकाका पूर्वअध्यक्ष नवराज न्यौपानेले सामाजिकसहित सांस्कृतिक बिरासत बोकेको बारुवाँ (चैत १२) ले कर्णालीको आत्मनिर्भरतालाई समेत जोड दिँदै आएको जनाए। आत्मनिर्भर एवं स्वाभिमानी जीवन जीउन, मेहनत, परिश्रम गरेर खाने संस्कारलाई बढावा दिनुका साथै बेला चुकाउनेले अन्तमा गएर चुकचुकाउने (पश्चाताप) गर्ने सिवाय केही गर्न सक्दैन भन्ने अर्थपूर्ण सन्देश पनि नागरिकमा प्रवाह गर्दै आएको उनले बताए।

उनले भने-"हाम्रो खेती प्रणाली र पर्यावरण बचाउन हामीले मान्दै आएका संस्कृतिले ठूलो सहयोग पुऱ्याउँदै आएका छन्। यद्यपि आधुनिकताको तीव्र विकासले मौलिक संस्कृतिहरु लोप मात्र होइन, हामी नागरिकमा परनिर्भरता बढ्दै गएको छ।" ब्यूटाकलरको प्रयोगपछि त्यसको असर सहन नसकेको कालीमार्सी पछिल्लो समयमा लोपोन्मुख अवस्थामा पुगेकोले नागरिकमा चिन्ता बढेको उनले बताए।

नेपाल कृषि अनुसन्धान केन्द्रले पुरानो र नयाँ प्रविधिको संयोजनबाट कालीमार्सीको साख बचाउनुपर्ने र सबै तहका सरकारहरुको संलग्नतामा यसको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन हुनुपर्ने पूर्वअध्यक्ष न्यौपानेले सुझाए । उनका अनुसार कालीमार्सीको संरक्षणसँगै यहाँका रैथानेबालीहरु कोदो, सिमी, फापर, चिनो, कागुनो, मार्से र उवाको संरक्षण तथा प्रवर्द्धनमा सहयोग पुग्न सक्छ।

**बारुवाँ, सोरुवाँ, बिसुवाँ र सामाजिक जीवन**

बारुवाँ र सामाजिक जीवनको आफ्नै अन्तरसम्बन्ध छ। बारुवा पर्व मात्र नभई कर्णालीको समग्र खेती प्रणाली, यहाँका मान्ठ (नागरिक)हरुको दिनचर्यालाई यथार्थरुपमा चित्रण गर्ने सामाजिक एवं मौलिक महत्वको दिन हो। यसको सामाजिक तथा साँस्कृतिक महत्वले जुम्लाईतरको इतिहास र वर्तमान अवस्थाको तुलनात्मक ढङ्गबाट अध्ययन एवं अनुसन्धान गर्न मुखरित गर्दछ । बारुवाँले जुम्ली घर आउने कुरासँग मात्र सम्बन्ध राख्दैन । उनीहरुको चालचलन, भेषभूषा, रितिरीवाज, संस्कार, जीवनशैली र उतिबेलादेखि आजसम्मको कर्णालीको वास्तविकता सरल तवरबाट कोट्याउन उत्प्रेरित गर्दछ।

जुम्लीको छ महिनाको कहालीलाग्दो कालापहाड यात्रा, त्यो अवधिमा भोगेका तीता क्षणहरु, परदेशीको पर्खाइमा बस्ने परिवार, घर फिर्तिपछिको मिलन, खुशी र रोदनको निर्धारण पनि यही बारुवाँले गर्दथ्यो। त्यो परिवेश आजसम्म पनि कायम छ। फरक यतिमात्र हो, अहिले चैत १२ गतेको दिन भेट्न जुम्लाका मान्ठहरु गाडीमा आउँछन्, उतिबेला महिनौ दिनको पैदल यात्रापछि चैत ११ गतेसम्म घर पुग्ने गर्दथे।

डेढ दशक अघिसम्म साविक कर्णाली पैदल यात्राकै भरमा जुम्ला पुग्थ्यो। आज करिब घरसम्मै मोटर पुग्छ। तर उतिबेला चैतको १२ गते कसैको घरमा निकै खुशीयाली हुन्थ्यो भने कसैको घरमा रुवाबासी। कालापहाड गएको छ महिनापछि परदेशी घर नफर्कँदा एकै छिमेकका परिवारमा कसैले श्रीमान, कसैले छोरा त कसैले बाउ, दाइभाइ, काका, भान्जा, देवर गुमाएको हुन्थ्यो।

आफ्नो सदस्य गुमाएको परिवारको कारुणिक दृश्यले छिमेकीलाई पनि स्तब्ध बनाउँथ्यो। अघिल्लो दिन मखमली चोलो, धोती (गाबुन), पटुका, चुरापोते, चुलठीलगायतले सुन्दर पहिरनमा सजिएकी महिला क्षणभरमै फेरिएको सेतो पहिरनले विरुप बन्न विवश हुन्थिन्। परदेशीको अनागमनले आशातीत परिवारको एकाएक खुशी लुटिन्थ्यो। उनीहरुको आशा सधैँका लागि सकिएर जान्थ्यो।

यद्यपि मौलिक एवं विशेषतायुक्त कर्णालीको ग्रामीण संस्कार दुःखमा परेका परिवारका लागि निकै सहयोगी बन्थ्यो । छिमेकीहरुले पीडित घर परिवारलाई वर्षौंसम्म खेती किसानी, धारा पँधेरा, वस्त्र व्यवस्थापनलगायतका कुरामा सहायता गरिरहन्थे। विडम्बना, सेतो पहिरनकी महिलाप्रति हेर्ने सामाजिक दृष्टिकोण भने निकै फरक अर्थात् कमजोर थियो । उनले हेपिएर बस्नुपर्ने बाध्यता झेलिरहनु पर्थ्यो। अपितु, अहिलेको समाज त्यो भन्दा धेरै माथि उठेको छ।

तिला गाउँपालिका-४ जुम्ला निवासी वीरबहादुर सिंहले कालापहाडमा गएर आफ्नै सहपाठीहरुले अकालमा ज्यान गुमाएको तीतो अनुभव सुनाए । "जुम्लाबाट खानाखर्च, लत्ताकपडा, भाँडाकुडासहित पैदल हिडेर नेपालगञ्ज पुग्न महिना दिन लाग्थ्यो," सिंहले भने-"भारतमा ज्यालादारी काम गरेर छ महिनापछि बारुवाँ भेटाउनै पर्थ्यो तर साथी गुमाएर घर पुगेको दिन निकै पीडादायी हुन्थ्यो। शोकाकुल परिवारलाई कसरी सम्झाउने होला भन्ने कुराले पिरोलिनु पर्थ्यो।"

विगतमा हुलाकीको काम परेवाले गर्दथ्यो भन्ने किंवदन्ती र बिहान काग कराउँदा के खबर लिएर आयो भनेर निधो गर्ने संस्कारलाई आज सूचना, सञ्चार र नवीनतम् प्रविधिको विकासले विस्थापित गरिदिएको छ। कुनैबेला सञ्चारको निकै प्रभावकारी र भरपर्दो माध्यम मानिने हुलाक सेवाको रुपान्तरण अपेक्षित हुन नसक्दा यो सेवा पनि आजको युगमा पानासोनिक रेडियोको अवस्था पुगेको आभास हुन्छ।

शारीरिक स्पर्शबाहेक करिब सबै कामहरु आधुनिक प्रविधिले समाधान गरिरहेको छ। त्यतिमात्र होइन, यो सामाजिक तथा सांस्कृतिक मूल्यमान्यता बोकेको हाम्रो मौलिक संस्कृति, संस्कार तथा सभ्यता संरक्षणमा ठूलो चुनौती बन्दै गएको छ । प्रकृति र मौलिकतासँग जोडिएका कुरालाई संरक्षण र जगेर्ना गर्न राज्यले त्यही प्रकारको नीति तथा कार्यक्रम ल्याउनुपर्ने जुम्लाका युवा नेतृ लक्ष्मीकन्या बुढाले बताइन्।

उनका अनुसार लोपोन्मुख अवस्थामा पुगेको काली र रातो मार्सी धान जस्ता रैथाने बालीहरु ब्लास्ट रोग (धानमा लाग्ने मरुवा रोग)को संरक्षणमा समस्या हुँदै गएको छ। यसको संरक्षण, अनुसन्धान र प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मानव जीवनसँग जोडिएको संस्कृति, परम्परा र पहिचानको जीवित दस्तावेजलाई जीवन्त राख्न तीनै तहका सरकार र समुदायबीच सहकार्य आवश्यक छ। परम्परागत ज्ञान, सीप र आधुनिक प्रविधिको संयोजनबाट यसको जगेर्ना गर्नुपर्दछ । मानवीय भावना, सामाजिक तथा साँस्कृतिक जनजीवन, परिवेश, संस्कार, मौसम, कृषि कर्म र मानव जीवन अस्तित्वसँग जोडिएको 'बारुवाँ, सोरुवाँ र बिसुवाँ पर्व' कर्णालीको समग्र मानव जीवनको द्योतक हो।

# शुक्लाफाँटामा बाघ गणना सम्पन्न



दोधारा चाँदनी । कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बाघ गणना सम्पन्न भएको छ।

राष्ट्रिय बाघ सर्वेक्षण कार्यक्रमअन्तर्गत शुक्लाफाँटा- लालझाडी- जोगबुढा कम्प्लेक्समा बाघ गणनाको काम सम्पन्न भएको निकुञ्जका संरक्षण अधिकृत पुरुषोत्तम वाग्लेले जानकारी दिए।

गत फागुन अन्तिम सातादेखि 'क्यामेरा ट्र्यापिङ' विधिबाट सुरु गरिएको राष्ट्रिय बाघ गणनाको फिल्डको काम सकिएर क्यामेरा सङ्कलन भइरहेको हो। "शुक्लाफाँटा र डिभिजन वनअन्तर्गत राखिएका क्यामेराहरु सङ्कलन भइसकेका छन्," उनले भने-"सङ्कलन भएका क्यामेराका तस्बिरहरुको विश्लेषण गरेर बाघको संख्या पत्ता लगाइन्छ।"

यहाँ प्रत्येक ४ वर्षमा बाघ गणना हुँदै आएको छ। बाघ गणनाका लागि ७७ जनाको प्राविधिक टोलीसहित ५२० स्वचालित क्यामेरा जडान गरिएका थिए। सन् २०२२ को राष्ट्रिय गणनाअनुसार निकुञ्जमा ३६ वटा बाघ थिए।

निकुञ्ज कार्यालयले हरेक वर्ष बाघको आन्तरिक सर्वेक्षण गर्ने गर्दछ । निकुञ्जको आन्तरिक सर्वेक्षणअनुसार यहाँ ४३ वटा बाघ छन् । यस पटकको राष्ट्रिय गणनामा पनि सोही संख्यामा बाघको संख्या हुनसक्ने अनुमान संरक्षण अधिकृतहरुको छ । " निकुञ्जको आन्तरिक सर्वेक्षणमा ४३ वटा बाघ छन्, एकै वर्षमा धेरै संख्या नबढेका हुनसक्छन्," संरक्षण अधिकृत वाग्लेले भने-"यसपटकको राष्ट्रिय गणनामा पनि त्यही संख्या हुनसक्छ।"

# कालीगण्डकीको धारै परिवर्तन गरेर दोहन



गलकोट (बागलुङ) । आफ्नै गतिमा बगेको कालीगण्डकी नदीको धारै परिवर्तन गरेर दोहन भएको छ।

बर्खाको समयमा मध्यरातमा दोहन गरिरहने कालीगण्डकीको बागलुङ क्षेत्रमा हिउँदमा कालीगण्डकीको धार नै परिवर्तन गरेर मापदण्डविपरीत ढुङ्गा तथा बालुवा उत्खनन् गर्ने गरेको पाइएको छ। बागलुङ नगरपालिका-१३ कालाखोला बगरमा नदीलाई पर्वत जिल्लातर्फ फर्काएर नदीजन्य पदार्थ निकालिएको छ।

नगरपालिकाले कालाखोला बगर, भाटेखोला र गलुवा खोलासहितका बगरहरु ठेक्कामा लगाए पनि नदीलाई नै सङ्कटमा पारेर दोहोन भएको छ। बागलुङ-१० गलुवा र बागलुङ-१३ कालाखोला बगरमा हिउँदमा कालीगण्डकीमा थोरै पानी बग्दा नदीको धारनै फर्काएर दोहन गर्ने गरेको पाइएको छ।

बागलुङ नगरपालिकाले हिउँदमा नदीजन्य पदार्थ निकाल्न ठेक्कामा लगाए पनि नदी दोहन मापदण्डविपरीत भएको सरोकारवालाले बताएका छन् । कालीगण्डकी नदीको दोहनले बागलुङ र पर्वत दुबै खण्डमा भूक्षय, बाढी पहिरो तथा नदी छेउका बस्तीमा समेत क्षति पुऱ्याउन थालेको पाइएको छ।

कालाखोला बगरमा नदीलाई पर्वततर्फ फर्काएर २५० मिटरभन्दा बढी लम्बाइ, ५० मिटरभन्दा बढी चौडाइ र सात मिटरभन्दा गहिराइमा नदीजन्य पदार्थ ठूला उपकरणको सहायताले निकालिएको अनुगमनमा पाइएकाले कारबाही गर्न नगरपालिकालाई जिल्ला समन्वय समितिका प्रमुख अमरबहादुर थापाले जानकारी दिए।

प्रमुख थापाले ३० प्रतिशत मानवसाधन प्रयोग गर्नुपर्नेमा सत प्रतिशत उपकरणको प्रयोग भएकाले नदीको संरचनानै फेरबदल भएको बताए । "दोहन रोक्न सबैको समन्वय चाहिन्छ, अहिले नगरपालिकाले राजस्व उठाएको छ, तर नगरपालिकाले दिएको मापदण्डविपरीत दोहोन भएको पाइएको छ, मापदण्डअनुसारको नदीजन्य पदार्थ र अवैध नदीजन्य पदार्थको ठहर प्राविधिकको प्रतिवेदनमा उल्लेख छ।

प्रमुख थापाले भने-"नगरपालिकाले अनुमति दिएकोभन्दा बढी उत्खनन गरेको पाइए कारबाही हुन्छ, नगरपालिकाको सम्झौताभन्दा बढी दोहान भएकाले कारबाही गर्न भनेका छौँ।"

कालीगण्डकी नदी दोहन चौतर्फी दबाबका बीच नदीमै पुगेर अनुगमन गर्न थालिएको हो । कालाखोला आसापास र गलुवा क्षेत्रमा बढी दोहन भइरहको छ।

वातावरणिय प्रभाव मूल्याङ्कन गरेर बागलुङ नगरपालिकाले बढीमा दुई मिटरसम्म गहिराइबाट नदीजन्य पदार्थ निकाल्न अनुमति दिए पनि आठ मिटरसम्म गहिराइ बनाएको पाइएको छ।

# पानी प्रेसर फिल्टर जडान कार्य सुरु



परासी । नवलपरासीको सदरमुकाम परासीमा खानेपानी शुद्धिकरणका लागि पानी प्रेसर फिल्टर जडान कार्य सुरु भएको छ। शुद्ध पानी खुवाउनका लागी शुद्धिकरणको विधि अपनाएर आधारभूतस्तरको खानेपानी वितरण हुँदै आएकोमा अब प्रशोधनसहितको पानी वितरणका लागि फिल्टर जडान कार्य सुरु गरिएको हो । प्रशोधित पानी उपभोक्तलाई बाँडिने छ।

लुम्बिनी प्रदेश सरकारको ९५ लाखको लागतमा देव इन्जिनियरिङ् प्रा.लि. काठमाडौंले फिल्टर प्लान्ट निर्माणको काम गरिरहेको खानेपानी तथा सरसफाइ कार्यालय परासीका प्रमुख दिनेशप्रसाद शाहले जानकारी दिए।

परासीमा रहेका दुई वटा ओभरहेड ट्याङ्कीमा सङ्कलित पानी शुद्धिकरणका लागि दुईवटा स्थानमा प्रशोधन युनिट निर्माण हुँदैछ।

शाहका अनुसार उक्त युनिटले प्रतिसेकेन्ड दश लिटर पानी शुद्धिकरण गर्ने क्षमता राख्दछ।

प्रशोधन युनिट निर्माणको शिलान्यास गर्दे प्रदेशसभा सदस्य बैजनाथ कलवारले सिधैँ उपभोग गर्न मिल्ने शुद्ध पिउने पानीको पहुँच अभिवृद्धिका लागि फिल्टर जडान गर्न थालिएको बताए।

परासी खानेपानीमार्फत् २ हजार बढी उपभोक्तालाई खानेपानी वितरण हुँदै आएको खानेपानी तथा सरसफाइ उपभोक्त संस्थाका अध्यक्ष दिनेश उपाध्ययले जानकारी दिए।

---

**मध्यपहाडको...**

अहिले मैकोटसम्म ट्र्याक खुलेको छ।

भुमे गाउँपालिकाका अध्यक्ष श्रेष्ठका भनाइमा, फराकिलो सडक बनेकोले यो सडकमार्फत् समृद्धिको यात्रा तय गर्नुपर्छ। कृषि उत्पादनलाई बजारीकरण, ग्रामीण उद्यमशिलता र पर्यटन प्रवर्द्धन गरी ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सकिन्छ। पर्यटन गुरुयोजना बनाएर प्रवर्द्धनको काम अघि बढेको छ।

मध्यपहाडी राजमार्ग सञ्चालनमा आउनुपूर्व रूकुमबाट सल्यान हुँदै दाङ झरेर लमहीबाट पूर्व-पश्चिम हुँदै काठमाडौं जाँदा करिब दुई दिनमा काठमाडौं पुगिन्थ्यो भने यो मार्ग सञ्चालन भएपछि रूकुमबाट बागलुङ, पोखरा हुँदै डेढ दिनमै काठमाडौं पुगिन्छ। अहिले रोल्पाको उत्तरी क्षेत्र, रूकुमका बासिन्दाका लागि काठमाडौं जानका लागि दाङ झर्नैपर्ने बाध्यता हटेको छ । मध्यपहाडी राजमार्गको बाटो पोखरा हुँदै मुग्लिन झरेर काठमाडौं पुग्छन्।

मध्यपहाडी राजमार्गअन्तर्गत १० ठाउँमा आधुनिक शहर बनाउन पनि नेपाल सरकारले काम गरिरहेको छ। यो राजमार्ग आसपासको अर्थतन्त्रलाई चलायमान बनाउन १० ठाउँमा शहर बनाउने योजनालाई कार्यान्वयन गर्न ढिलाइ भइरहेको छ।

यो राजमार्ग पूर्णरूपमा सञ्चालनमा आएपछि पहाडी जिल्लामा करिब ५ हजारदेखि १० हजार मेगावाट जलविद्युत् आयोजनाको पहुँचमार्ग बन्नेछ।

पूर्व अर्थमन्त्री रामेश्वर खनाल मध्यपहाडी राजमार्ग जलविद्युत् आयोजनाको पहुँचमार्ग र पर्यटन प्रवर्द्धन गर्ने हेतुले अघि सारिएको बताउँछन्। खनालका अनुसार, मध्यपहाडी क्षेत्र जलविद्युत् आयोजनाको ठूलो सम्भावना बोकेको क्षेत्र हो। त्यसैले यो राजमार्ग बनेसँगै जलविद्युत् आयोजना बन्ने वातावरण तयार हुनेछ। पहाडी गाउँगाउँमा सडक पुगेसँगै गाउँबाट सहरतर्फ भइरहेको बसाइँसराइ रोक्न मद्दत पुग्नेछ। ग्रामीण क्षेत्रमा पनि सहरी विकासमार्फत् आर्थिक वृद्धिदर कायम गर्ने लक्ष्य रहेको छ।

**भैरहवा...**

त्यस्तै, अर्थमन्त्री भएका बेला आर्थिक वर्ष २०८१/०८२ को बजेटमा समावेश गरिएको गण्डकी आर्थिक त्रिभुज परियोजना अघि बढाउनुपर्नेमा पनि पुनले जोड दिए। एकीकृत विकास अवधारणाअनुसार नमूना विकास अभियान सञ्चालन गर्न भरतपुर, बुटवल र पोखरालाई तीन वटा कोणमा राखी निजी क्षेत्रसँगको साझेदारीमा त्रिभुज परियोजना अघि बढाउन सकिए नयाँ आर्थिक केन्द्र विकास हुने र त्यसले मुलुकको समग्र अर्थतन्त्रमै 'गेम चेन्जर' को भूमिका खेल्न सक्ने उनको भनाइ थियो।

लुम्बिनी प्रदेशमा सिँचाइ, मल, बिउ, आधुनिक कृषि औजार र बजार व्यवस्थापनसहित एकीकृत विकास परियोजना अघि बढाउन पनि सांसदले सुझाएका छन्।

**भूमिसुधार तथा मालपोत कार्यालय भैरहवाबाट जारी भएको संशोधन हकदावी सम्बन्धी ३५ दिने सूचना।**

यसमा जिल्ला गुल्मी धुर्कोट गाउँपालिका वडा नं. ४ बस्ने तेज नारायण खनालको छोरा लक्ष्मि प्रसाद खनालले मेरो दिदि राधिका खनालको मिति २०८२/१२/३ मृत्यु भएको निज जिवित रहदा सम्मा देख रेख सेवा टहल औषधी उपचार तथा मृत्यु पश्चात दाह संस्कार मैले नै गरेको हुदा मेरो दिदी राधिका खनालको नाममा कायम रहेको सि.न.पा.वडा नं. ३ सिट नं. १०४०२७८०३ कि.नं.२६ ज.वि.१०५.१० व.मि.को जग्गा मेरो नाममा नियमानुसार नामसारी गरी पाउँ भनी सि.न.पा. वडा नं. ३ को च.नं. १७२३ मिति २०८२/१२/२२ गतेको सिफारिस समेत संलगन राखि यस कार्यालयमा निवेदन दिनु भएकोमा निवेदन बमोजिम नामसारी गर्दा अन्य कसैको व्यक्तिगत वा सार्वजनिक हकदैयामा असर पर्ने तथा नामसारी गर्न नमिल्ने भए यो सुचना प्रकाशन भएको मितिले ३५ दिनभित्र स-प्रमाण आफै वा वारेस मार्फत हकदावी गर्नका लागि सरोकारवालामा अनुरोध छ। म्यादभित्र हकदावी उजुर बाजुर नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा सवैमा अनुरोध छ।

इति सम्बत् २०८२ साल १२ महिना २३ गते रोज २ शुभम्।

**कान्ति माध्यमिक विद्यालय**
बुटवल-४, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

सूचना प्रकाशन मिति : २०८२।१२।२४

सार्वजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ (तेस्रो संशोधनसहित) को नियम १८ मा व्यवस्था भएअनुसार आर्थिक वर्ष २०८२/०८३ को लागि यस कान्ति माध्यमिक विद्यालय बुटवललाई विज्ञान विषय प्रवर्धन कार्यक्रमअन्तर्गत विभिन्न सामग्री खरीद, जडान तथा तालिम दिने प्रयोजनका लागि सम्बन्धित कारोबार गर्न स्वीकृत प्राप्त इच्छुक फर्म, कम्पनी वा सप्लायर्सहरूले रु.३०००।०० (तीन हजार रुपैयाँ मात्र) जम्मा गरी सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म कार्यालय समय (चार बजे) भित्र शिलबन्दी दरभाउपत्र/कोटेशन खरीदगरी सूचना प्रकाशित मितिले ३१औं दिन दिउँसो १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र/कोटेशन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल:**

**Project Name:**
Supply & Delivery of Interactive smart board as required for f/y 2082-083

**संलग्न हुनुपर्ने कागजातहरू :**
१. संस्था वा फर्म दर्ताको प्रमाण पत्र (नविकरण आ.व. २०८१/०८२)।
२. PAN/VAT मा दर्ता प्रमाण पत्र।
३. आ.व २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र।
४. निवेदन।
- थप जानकारीको लागि मोबाइल नम्बर ९८५७०७३१३५

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३



**पञ्चेबाजा बजाउँदै महिला:**
म्याग्दीको बेनी नगरपालिका-४ स्थित सिंगामा पञ्चेबाजा बजाउँदै महिलाहरू। यहाँका महिलाहरुलाई आय आर्जनमा लगाउन तालिमसँगै बाजाका सामग्री प्रदान गरेपछि महिलाहरू व्यवसायिक रूपमा पञ्चेबाजा बजाउने काममा सक्रिय भएका छन्। तस्विर : कमल खत्री/रासस

# रूपन्देही उद्योग संघमा खाद्यान्न, कृषि तथा डेरी बस्तुगत समिति गठन



बुटवल। रुपन्देही उद्योग संघमा सोमबार दुई वटा बस्तुगत समिति गठन गरीएको छ। संघमा आबद्ध खाद्यान्न उद्योगीहरुको भेलाले खाद्यान्न वस्तुगत समिति गठन गरेको हो। संघका प्रथम उपाध्यक्ष एवं कार्यक्रम संयोजक हरिबहादुर खत्रीको अध्यक्षता एवं संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको प्रमुख आतिथ्यता, संघका पदाधिकारी तथा कार्य समिति सदस्यहरु एवं खाद्यान्न उद्योगीहरुको उपस्थितिमा भेला सम्पन्न भएको हो। खाद्यान्न उद्योगीहरुको भेलाबाट बुटवल रारा मसलाका सञ्चालक दिपक भुसालको संयोजकत्वमा ५ सदस्यीय वस्तुगत समिति गठन गरिएको छ। गठित समितिको सह-संयोजकमा एक्वा आइस उद्योगका बाबुराम कंडेल, सचिवमा शुभलाभ अचार उद्योगकी कमला कुँवर के.सी तथा सदस्यहरुमा बसन्ती अचार उद्योगकी बसन्ती खत्री र स्नेहा कन्फेक्सनरी उद्योगका सुनिल जैसवाल रहेका छन्। भेलाले समितिको सल्लाहकारहरुमा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, कोषाध्यक्ष विशाल बेलवासे, महिला सचिव मञ्जु भुसाल, कार्यसमिति सदस्य रमेशप्रसाद आचार्य र बोलबम फुड प्रोडक्टका देवीराम पाण्डेलाई चयन गरेको छ।

त्यसैगरी कृषि तथा डेरी उद्योगीहरुको भेलाले यूनाइटेड पोल्टी फर्म उद्योगका सञ्चालक प्रेमहरि तिमिल्सिनाको संयोजकत्वमा ५. सदस्यीय वस्तुगत समिति गठन गरेको छ। गठित समितिको सह-संयोजक सगुन डेरी उद्योगका हरी देवकोटा, सचिवमा सैनामैना पोल्टी फर्मका लोकनाथ खनाल एवं सदस्यहरुमा अनु पशुपालनकी मिना क्षेत्री र गायत्री डेरी उद्योगका यमबहादुर खत्री रहेका छन्। भेलाले समितिको सल्लाहकारहरुमा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, कार्यसमिति सदस्य रमेश आचार्य, पार्वति गिरी, पवित्र डेरी उद्योगका मेघराज भण्डारी र शिवगंगा डेरी उद्योगका सञ्चालक विजय सापकोटालाई चयन गरेको छ।

भेलामा सम्बोधन गर्दै संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले नव गठित समितिलाई बधाई एंव शुभकामना दिएका थिए। उनले उद्योगीका समस्याहरु रुपन्देही उद्योग संघसम्म ल्याइपुऱ्याउन आग्रह गरे साथै समिति क्रियाशिल ढंगबाट औद्योगिक विकासमा कटिबद्ध रहने विश्वास समेत व्यक्त गरे। भेलामा नव गठित समितिका संयोजक दिपक भुसाल र प्रेमहरी तिमिल्सिनाले आ-आफ्ना क्षेत्रबाट औद्योगिक विकासमा हातोमालो गर्दै क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गरे।

सो अवसरमा संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले शुभकामना व्यक्त गरेका थिए। नेपाल डेरी एशोसियसनका पूर्व अध्यक्ष मेघराज भण्डारीले नयाँ गठित समितिलाई शुभकामना दिँदै आफ्ना उद्योगमा आएका समस्याहरुलाई संघ समक्ष ल्याइपुऱ्याउन आह्वान गरे। कार्यक्रम संयोजक तथा प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले स्वागत गर्दै वस्तुगत समिति गठनको उद्देश्य माथि प्रकाश पारेका थिए।

संघका महासचिव सुमन बस्यालको सञ्चालनमा सम्पन्न भेलामा संघका द्वितीय उपाध्यक्ष युवराज आचार्य, कोषाध्यक्ष बिशाल बेलवासे,सचिव अशोक कुँवर, महिला सचिव मञ्जु भुसाल, सह-कोषाध्याक्ष राजु घिमिरे कार्यसमिति सदस्य रमेशप्रसाद आचार्य र दिलु शाही एवं विभिन्न खाद्यान्न एवं कृषि तथा डेरी उद्योगीहरुको उपस्थिति रहेको थियो।

# सहकारीद्वारा सदस्यलाई पेन्सन वितरण सुरु



बुटवल। श्री सशक्त बचत तथा सहकारी संस्था लिमिटेड बुटवलले आफ्ना सदस्यलाई लक्षित गर्दै पेन्सन वितरण योजना (कार्यक्रम) सुरु गरेको छ। सहकारी क्षेत्रमै नयाँ अभ्यासका रूपमा हेरिएको यस योजनामा २० वर्षदेखि ६० वर्षसम्मको शेयर सदस्य सहभागी हुन पाउँछन्।

सोमबार सहकारीले एक कार्यक्रमको आयोजना गरी पहिलो पटक ६० वर्षीय सदस्य रामप्रसाद न्यौपानेलाई मासिक १ हजार रुपैयाँका दरले पेन्सन प्रदान गर्दै यो योजना सुरु गरेको हो। सहकारी संस्थाका अध्यक्ष महेशप्रसाद पोखरेलले सामाजिक सुरक्षा सँग जोड्ने उद्देश्यले पेन्सन योजना सुरु गरेको बताए।

सहकारीले कार्यविधि नै बनाएर १ देखि ५ हजारसम्म पेन्सन दिन सक्ने योजना बनाएका छन्। पेन्सन बचत संकलनमा १ लाख २६ हजार ५ सय जम्मा भएकाले मासिक १ हजार, २ लाख ५३ हजार संकलन गर्नेलाई २ हजार, ३ लाख ७९ हजार ५ सय संकलन गर्नेलाई ३ हजार, ५ लाख ६ हजार संकलन गर्नेलाई ४ हजार र ६ लाख ३२ हजार ५ स य संकलन गर्नेलाई मासिक ५ हजार रुपैयाँ पेन्सन दिने अध्यक्ष पोखरेलले जानकारी दिए। संकलित रकम पेन्सन प्राप्त गर्दा कम भने नहुने उनको भनाइ छ। 'सदस्यहरूको दीर्घकालीन हितलाई ध्यानमा राख्दै यस्तो कार्यक्रम ल्याइएको हो।'-अध्यक्ष पोखरेलले भने।

सोही कार्यक्रममा कार्यालय व्यवस्थापन तथा लेखासम्बन्धी तालिमसमेत सञ्चालन गरिएको थियो। कार्यक्रममा स्वागत मन्तव्य ईश्वरचन्द्र भट्टराईले गरेका थिए भने सञ्चालन सचिव जीवलाल पौडेलले गरेका थिए। कार्यक्रममा, सल्लाहकार एवं पूर्व अध्यक्ष कृष्ण चौहान क्षेत्री, संस्थापक अध्यक्ष प्रकाश खनाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। साथै राष्ट्रिय सहकारी बैंकका कार्यालय प्रमुख नारायण बेल्बासेले सहकारी व्यवस्थापन र लेखासम्बन्धी प्रशिक्षण दिएका थिए।

हाल १९ करोड रुपैयाँ कुल पूँजी रहेको उक्त सहकारीमा ९ सयभन्दा बढी सदस्य आबद्ध छन्। सहकारीले आगामी दिनमा सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमलाई थप विस्तार गर्ने जनाएको छ।

रूपन्देही सुपरलिगः

# साइ ग्लोबल ५५ रनले विजयी



भैरहवा। साइ ग्लोबल क्लबले भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत 'बी' डिभिजनको सोमबारको खेलमा जित निकालेको छ। उसले लुम्बिनी शाक्यन क्रिकेट क्लबलाई ५५ रनले पराजित गर्दै जित हात पारेको हो।

सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको साइ ग्लोबलले ४८ ओभर २ बलमा सबै विकेटको नोक्सानीमा २ सय १९ रन बनायो। उसका लागि अजय चाईले ६०, जितेन्द्र केवटले ४५, जावेद खानले ३७, सुभाष यादवले ३० र शैलेन्द्र यादवले १२ रन बनाए। बलिङमा लुम्बिनी शाक्यनका अजमत अलीले ४, आकाश गिरी र रोहित चन्दले २-२ तथा शाह आलमले १ विकेट लिए।

प्रतिउत्तरमा लुम्बिनी शाक्यन ३६ ओभर ३ बलमा अलआउट हुँदै १ सय ६४ रन बनायो। उसका लागि कमल विष्टले ३९, अब्दुर शेखले ३०, राहुल ढाडीले २४, शाह आलमले १८, आसिफ मुसलमानले १४ र आशिष नेपालले १० रन बनाए। बलिङमा साइ ग्लोबलका शैलेन्द्र यादवले ३, जितेन्द्र केवटले २ तथा अनुप साहनी, सहज अर्याल, शिवकुमार गुप्ता र बासुदेव यादवले १-१ विकेट लिए। खेलमा अजय चाई प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उप-विजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन्। यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए। प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग वाणिज्य संघले प्रायोजन गरेको छन्।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट ब्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन्। प्रतियोगितामा 'ए' र 'बी' डिभिजन गरी २० टीमको सहभागिता छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस!
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

# २३ करोड लागतमा प्रशासनिक भवन उद्घाटन

'ग्राउन्ड फ्लोर' बाटै प्रभावकारी सेवा दिने लक्ष्य, सुशासन र विकासमा जोड।



**मोहम्मद हबिब**
*भैरहवा*

सिद्धार्थनगर नगरपालिकाले आफ्नो नवनिर्मित अत्याधुनिक प्रशासकीय भवनको उद्घाटन गरेको छ। सोमबार एक भव्य समारोहकाबिच वास्तु पूजासहित नगरवासीको उपस्थितिमा नयाँ भवनबाट औपचारिक सेवा शुभारम्भ गरिएको हो। २०७८ सालमा शिलान्यास गरिएको यो भवन केही समय अगावै प्रयोगमा आए पनि विधिवत रुपमा वास्तु पूजासहित सोमबार उद्घाटन गरिएको हो।

२३ करोड ९२ लाख ६९ हजार ३५३ रुपैयाँमा निर्मित भवन २०७८ असार २४ गते स्काई रामसागर जेभीसित निर्माण सम्झौता गरिएको थियो। ४ कठ्ठा क्षेत्रफलमा निर्मित, बेसमेन्ट पार्किङ्सहित २६ वटा कोठा र शौचालयहरू, दुई स्थानमा लिफ्ट, कार्यपालिका तथा नगरसभाको हल, फायर हाइड्रेन्ट, स्मोक डिटेक्टर, फायर एक्स्टिङ्गुइसर, हुटर आलाराम र लाइटिङ प्रोटेक्टर रडको व्यवस्था, १४४५.७५ वर्गमिटरको बेसमेन्ट पार्किङ्मा २० वटा कार र १३० वटा बाइक पार्किङ् गर्न सकिने सुविधा छ। २०८२ असोज ३ गते भवन निर्माण पूरा भएको प्रमुख प्रशासकीय अधिकृत जनक थापाले जानकारी दिए।

प्रशासनिक सेवालाई झन्झटमुक्त बनाउन नगरपालिकाले सेवा प्रवाहको शैलीमा ठूलो परिवर्तन ल्याएको छ। अब धेरैजसो सेवाहरू भवनको भुइँतलाबाटै प्रदान गरिने लक्ष्य राखिएको छ। प्रमुख प्रशासकीय अधिकृत थापाले कर्मचारी र जनप्रतिनिधि मिलेर प्रविधिको अधिकतम प्रयोग गरी नागरिकलाई प्रभावकारी सेवा दिनु नै अबको मुख्य प्राथमिकता रहेको बताए।

नगर प्रमुख इश्तियाक अहमद खानले पर्यटनको विकासका लागि पर्यटन क्षेत्रको विकास गर्नका लागि सफा, सुन्दर, ग्रीन र इको-फ्रेन्डली सिटी आवश्यकता अनुसारको काम भइरहेको बताए। 'जति राम्रो काम गर्नुस्, जति विकास गर्न खोज्नुस्, जबसम्म क्लिन हुँदैन, ग्रीन हुँदैन, इको-फ्रेन्डली हुँदैन, तबसम्म हाम्रो जुन बाहिरका पाहुनाहरू आउँछन्, स्वदेशी वा विदेशी, कोही पनि सहरमा बस्न चाहँदैनन।' -उनले भने

बहुमतको सरकार छ। जनताले दिइसकेको बहुमतले 'गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल' छिटोभन्दा छिटो सञ्चालन गरी यहाँको विकास हुने उनले बताए। उनले सम्पूर्ण सिद्धार्थनगरवासीमा अनुरोध गर्दै सबैको सहकार्यले नगरको विकास सम्भज छ, लक्ष्यअनुसार सिद्धार्थनगर छिट्टै फूलै फूलको शहरको रुपमा परिणत हुन लागेको बताए।

उनले सिद्धार्थनगर नगरपालिकामा अरुपालिका समाहित गरेर एउटा महानगरपालिका बनाउनु पर्नेमा जोड दिए।

उप-प्रमुख अधिकारीले स्थानीयको योगदान र सहयोगले नै नगरपालिका अहिलेसम्म सफलतापूर्वक अगाडि बढिरहेको बताउँदै 'अब हाम्रो ध्यान कर्मचारी र जनप्रतिनिधि मिलेर नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्नमा केन्द्रित हुनेछ,' उनले भने-'नयाँ भवनबाट प्रविधिको उपयोग गरेर सेवा दिइनेछ।' उनले अधिकारसँगै कर्तव्यको ख्याल गर्न नगरवासीलाई आग्रह गरिन।

नगर प्रमुख इश्तियाक अहमद खानले सिद्धार्थनगरलाईक्लिन, ग्रीन र इको-फ्रेन्डली सिटी बनाउने संकल्प व्यक्त गर्दै लक्ष्य पूरा गर्नेतर्फ उन्मुख भएको बताए। उनले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल छिटो र पूर्णरूपमा सञ्चालन भए मात्र यस क्षेत्रको आर्थिक विकास सम्भव हुने बताउँदै सिद्धार्थनगरलाई छिमेकी पालिकाहरूसँग मिलाएर महानगरपालिका बनाउनुपर्नेमा जोड दिए।

पूर्व नगरप्रमुख हरिप्रसाद अधिकारीले पूर्वाधार तयार भइसकेकाले अब नागरिकले सामाजिक सञ्जालमा गुनासो गर्नुभन्दा कार्यालयमै आएर रचनात्मक सुझाव दिनुपर्ने बताए। आफ्नो पालामा शिलान्यास भएको भवनको उद्घाटन गरिएकोमा खुसी व्यक्त गर्दै सेवा सुधार र प्रवाह प्रभावकारी तुल्याउन स्थानीय बासिन्दाले पनि सकारातमक भूमिका खेल्नुपर्ने बताए। सेवाग्राहीसित गुनासोमात्र नगर्न उनले अनुरोध गरे।

उद्योग व्यपार संगठनका अध्यक्ष सचिन रोक्काले सिद्धार्थनगरपालिका यो क्षेत्र उद्योग, व्यापार, पर्यटन क्षेत्रको सम्भावना बोकेको पनि क्षेत्र रहेकोले यस क्षेत्रलाई आर्थिक चलायमान बनाउनलाई निजी क्षेत्र सहकार्य गर्दै अगाडि बढ्दै आएको छ र अगाडि बढ्दै जाने प्रतिबद्धता व्यक्त गरे। नयाँ भवनसँगै प्रशासनिक सहजता हुने विश्वास व्यक्त गर्दै पुरानो भवनलाई पार्किङ्का लागि उपयोग गर्न सुझाव दिए। आर्थिक चलायमान र सिद्धार्थ नगरपालिकाको विकासमा निजी क्षेत्रको सहकार्य भूमिका महत्वपूर्ण रहने बताए।

सिद्धार्थ उद्योग वाणिज्य संघका उपाध्यक्ष दिलीप कान्दुले नगरपालिकाको भवन भव्यताका निर्माण भई प्रशासनिक सेवामा सहजता हुनु निजी क्षेत्रका लागि गौरवान्वित विषय हो। नगरवासीले यहाबाट हुने सेवामा पनि भव्यता पाउने आशा र विश्वास राखेको बताए।

लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले नगरपालिका भनेको यो नगरको विकासको लागि महत्वपूर्ण निकाय हो र यो भवनबाट जनताले चाहे अनुसारको सेवा सहज रुपमा प्रदान गर्न सकोस्। हामी केही कुरामा ढिलासुस्ती गरिरहेका छौं, यसलाई अब हामी एउटा गति दिन जरुरी देखिन्छ। अब राज्य परिवर्तन भइसकेको छ, ढिलासुस्ती वा केही कमजोरी भए कसैले जनताले छोड्ने वाला छैनन् भन्दै उनले हामी सच्चिई ठोस आधारमा सुध्रिनु पर्ने बताए। उनले फोहोर व्यवस्थापन र नगरको सौन्दर्यकरणमा ध्यान दिन समेत आग्रह गरे।

साहित्यकार विजय गोविन्द श्रेष्ठले ऐतिहासिक सिद्धार्थ ज्ञानमन्दिर पुस्तकालयको संरक्षणमा नगरपालिकाले विशेष चासो दिनुपर्ने बताए। सिद्धार्थनगरको गरिमाको रुपमा रहेको सिद्धार्थ ज्ञानमन्दिर पुस्तकालयलाई व्यवस्थित तरिकाले सञ्चालन गरी नगरपालिकाले संरक्षण गर्नमा ध्यान दिनुपर्ने बताए। यहाँ अर्पाप्य पुस्तकहरू छन् तर संरक्षण नभएको बताउँदै उनले सिद्धार्थनगर नगरपालिकामा बसेर नेपाली भाषा साहित्य कला संस्कृतिलाई उत्थान गर्ने व्यक्तित्वहरूको सम्झना स्वरुपको फोटो संग्रह राख्नुपर्ने बताए।

नगर प्रवक्ता मुक्तिनाथ यादव भोलाले २०७४ साल मा निर्वाचित भएर शिलान्यास गरेको भवन समुद्घाटन समारोहमा कार्यपालिका सदस्यको रूपमा उपस्थित हुन पाउँदा उनले गर्व महसुस गरेको बताए। अबका दिनमा सम्पूर्ण काम कारबाही पारदर्शी हुने र जनताका काममा कुनै पनि ढिलासुस्ती हुन नदिने प्रतिबद्धता व्यक्त गरे। नगरपालिकाको मुख्य समस्याको रूपमा रहेको फोहोर व्यवस्थापनलाई जनप्रतिनिधि र कर्मचारीले मात्र नभई सम्पूर्ण नगरवासीको सहकार्यमा समाधान गर्नुपर्नेमा उनले जोड दिए।

नगरपालिकाले विकास र सुशासनमा टेवा पुऱ्याउने पत्रकार, भाषा, साहित्य र कलामा योगदान गर्ने, नगरपालिका र देशको नाम रोशन गर्ने खेलाडी, उत्कृष्ट विद्यार्थीहरूलाई प्रोत्साहन पुरस्कार, सेवा निवृत्त र उत्कृष्ट कार्य गर्ने सहायकस्तरका कर्मचारीहरूलाई सम्मान गरेको छ।

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही



विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com